नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

पत्र संख्याः-
चलानी संख्याः-

## प्रेश विज्ञप्ति

सोह्रौ योजनाको प्रभावकारी कार्यान्वयन सम्बन्धमा सार्वजनिक तथा निजी क्षेत्र, सहकारी क्षेत्र र गैरसरकारी संस्थाको सहकार्य तथा सहभागिता आवश्यक रहेको छ। यस योजना कार्यान्वयन सम्बन्धमा कार्योजना तर्जुमा गर्ने क्रममा २०८१ असोज १३ गते यस आयोगका पूर्व उपाध्यक्षज्यूहरुसँग र असोज २१ गते निजी क्षेत्र, सहकारी क्षेत्र र गैरसरकारी संस्थाका छाता संघ संस्थाका प्रमुख तथा प्रतिनिधिसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा नेपालको अतिकम विकसित मुलुकबाट स्तरोन्नति, दिगो विकास लक्ष्य प्राप्ति लगायत सोहौं योजनाको कार्यान्वयन सम्बन्धी विषयमा छलफल भयो।

आयोगका पूर्व उपाध्यक्षज्यूहरुले नीति कानूनमा भएका अस्पष्टता तथा दोहोरोपना हटाउने, विकासको लागि आवश्यक पर्ने प्राविधिक जनशक्तिको व्यवस्थापन र आयोजना सुशासन, पूर्वाधार क्षेत्रमा सार्वजनिक निजी साझेदारी, पुँजीगत खर्च वृद्धि, योजनाका लक्ष्य हासिल हुनेगरी लगानी अभिवृद्धि लगायतका विषयमा जोड दिनु भएको थियो। यसका साथै कृषि क्षेत्रको उत्पादकत्व बढाउने र सञ्चार तथा सूचना प्रविधिको प्रयोग गरी नवप्रवर्तनमा केन्द्रित हुन जरुरी रहेकोमा जोड दिनुभयो।

अन्तर्क्रियामा सहभागि निजी क्षेत्र, सहकारी तथा गैरसरकारी क्षेत्रका प्रतिनिधिहरुले योजना कार्यान्वयनमा सहकार्य र साझेदारीको प्रतिवद्धता व्यक्त गर्दै लगानीको वातावरण निर्माण तथा सहजीकरण, कानूनी तथा प्रक्रियागत सुधार, निजी क्षेत्रको मनोवल अभिवृद्धि, पूर्वाधार क्षेत्रमा लगानी विस्तार, आन्तरिक तथा वाह्य स्रोतको व्यवस्था, जनशक्ति विकास तथा युवाको आकांक्षाको सम्बोधन गर्ने विषयमा जोड दिए। योजनामा समावेश भएका विषयवस्तुले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा समेत सकरात्मक धारणा सिर्जना भएकोमा उपस्थित प्रतिनिधिहरुले खुशी व्यक्त गर्दै योजनाले लिएका लक्ष्य हासिल गर्नमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्र उत्साहका साथ लाग्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभएको थियो। साथै यस प्रकारको अन्तर्क्रियाबाट आफ्नो मनोवल उच्च हुने तथा योजनाले लिएका लक्षित नतिजा हासिल गर्नमा सहयोग पुग्ने निजी तथा सहकारी र गैरसरकारी संघसंस्थाका प्रतिनिधिले विश्वास व्यक्त गर्नुभएको थियो।

कार्यक्रमको अध्यक्षता राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीले गर्नुभएको थियो। कार्यक्रममा आयोगका माननीय सदस्यहरु तथा सदस्य सचिव लगायत आयोगका कर्मचारीहको सहभागिता रहेको थियो भने आयोगका सहसचिव खोमराज कोइरालाले सोहौं योजनाको कार्यान्वयन सम्बन्धमा प्रस्तुति गर्नुभएको थियो।

मितिः २०८१ असोज २१ गते, सोमबार

(डा. दिवाकर लुईटेल)
कार्यक्रम निर्देशक एवम्
सहायक प्रवक्ता

फोनः ०१-४२११०३२, ४२१११३२, ४२११०६०, ४२११००४ फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.npc, वेबः www.npc.gov.np

# १६ औं योजना कार्यान्वयनका लागि यस आयोगका पूर्व उपाध्यक्षज्यूहरूसंगको छलफल कार्यक्रम





# १६ औं योजना र यसको कार्यान्वयनका लागि निजी क्षेत्रको योगदान सम्बन्धी अन्तरक्रिया कार्यक्रम







अन्तरक्रिया कार्यक्रम


नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सोह्रौं योजना र यसको कार्यान्वयनमा
निजी क्षेत्रको योगदान
अन्तरक्रिया कार्यक्रम
राष्ट्रिय योजना आयोग
२१ असोज, २०८१


सोह्रौं योजना कार्यान्वयन
निजी क्षेत्र, सहकारी र गैर सरकारी संस्थाका
प्रतिनिधिसँग
अन्तर्क्रिया कार्यक्रम
राष्ट्रिय योजना आयोग
२१ असोज, २०८१